कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २५ | अंक: ३०२ | वि.सं. २०८२ फागुन १० आइतवार | नेपाल संवत्: ११४५, फाल्गुण शुक्लपक्ष पञ्चमी | Sunday 22 February 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### कर्णालीका हिमाली जिल्लामा हेलिबाट उड्दै कर्मचारी र मतपत्र

# हिउँले बाटो छेकेपछि मतदातासम्म पुग्नै पाएनन् उम्मेदवार

नेपाली सेनाको स्काई ट्रकबाट मतपेटिका, सुरक्षा सिल, मसीका मार्कर, स्वस्तिक छाप, स्टिकर, रंगिन मतदाता नामावली लगायतका निर्वाचन सामग्री शनिबार हुम्ला पुगेका छन् । मतदानका खटिने कर्मचारी, सुरक्षाकर्मी र मत पत्र हेलीबाट उड्ने तयारी भइरहदा मतदाता र उम्मेदवार भने हिउँले छेकिन बाध्य छन् ।



**ओम शाही**
**सुर्खेत, ९ फागुन ।**

आसन्न २१ फागुनमा तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचन आउन अब १० दिन बाँकी छन् । सरकारले देशव्यापी निर्वाचनको तयारी अन्तिम चरणमा पुऱ्याएको छ । निर्वाचन सामग्री र मतपत्र ढुवानीदेखि कर्मचारी खटनपटनको काम अधिकांश जिल्लामा सम्पन्न भएको छ । तर, कर्णाली प्रदेशका तीन जिल्लामा मौसमी प्रतिकुलताका कारण चुनाव हुने वा नहुने भन्नेमा अन्यौलता कायमै छ ।

कर्णालीका अन्य जिल्लामा निर्वाचन सामग्री र मतपत्र ढुवानी, निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मीहरु मतदान स्थलमा खटिने तयारी रहदा हुम्ला, डोल्पा र मुगुका उत्तरी क्षेत्रमा भने मतदातासमेत घर पुग्न पाएका छैनन् । यति मात्रै होइन चुनाव प्रचारका लागि उम्मेदवारसमेतलाई मौसमी प्रतिकुलताले छेकिरहेको छ ।

वर्षेनी मंसिर यता यी जिल्लामा बाक्लो हिमपात भएपछि स्थलमार्गहरु पूर्णरुपमा बन्द हुने गर्छन । हुम्लाको नाम्खा गाउँपालिका वडा नम्बर ६ का वडाध्यक्ष पालजोर लामाले न्यालु र नारा लेकमा बाक्लो हिउँ जमेकाले अहिलेकै अवस्थामा मतदाता गाउँ पुग्न सम्भव नरहेको बताउँछन ।

उनका अनुसार हिमालपारीका गाउँका नामले परिचित हल्जी, जाङ र तिल गाउँमा चुनावको प्रचारका लागि उम्मेदवारसमेत पुग्न सकेका छैनन् । 'मतदाता कोही काठमाडौं, कोही चीनको ताक्लाकोट गएका छन् । हिमपातले स्थलमार्ग अवरुद्ध भएकोले तत्काल गाउँ फर्कने सम्भावना देखिँदैन । अहिलेसम्म उम्मेदवारहरू पनि चुनावको प्रचारमा पुग्न सकेका छैनन्,' वडाध्यक्ष लामाले भने ।

उनले निर्वाचन आयोगलाई चुनाव गराउने विषयमा विकल्प अपनाउन अनुरोध गरेपनि सुनुवाई नभएको गुनासो गरे । 'सकारले चुनावको तयारी तीव्र पारेको छ, तर गाउँ

बाँकी ४ पेजमा

### विकल्प खोज्दै छौं : प्रजिअ रेग्मी

हुम्लाका प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले हिमालपारीका बस्तीमा जान तत्काल न्यालु लेकबाट सम्भव नरहेकाले सिमकोट-हिल्सा सडक खण्डमा पर्ने यारीबाट स्थलमार्ग खोल्ने विषयमा प्राविधिक अध्ययन भइरहेको बताउँछन् ।

प्रजिअ रेग्मी भन्छन्, 'यो विषयमा हामी निरन्तर छलफलमा छौं । मौसमी प्रतिकुलताले समस्या भइरहेको छ । पाँच हजार मिटरका लेक पार गर्न तत्काल सम्भव छैन । अन्य स्थानबाट स्थलमार्ग खोल्ने विषयमा प्राविधिक अध्ययन भइरहेको छ । अर्को महत्वपूर्ण विषय सो क्षेत्रमा अबका केही दिन उताको मौसमी रिपोर्टको आधारमा अघि बढ्छौं ।'

उनका अनुसार हुम्लाका आठ मतदान स्थलमा हेलिकप्टरमार्फत निर्वाचन साम्रगी, मतदान सुरक्षामा खटिने सुरक्षाकर्मी र कर्मचारीलाई १८ फागुनसम्म पुऱ्याईने छ । उनले नेपाली सेनाको स्काई ट्रकबाट मतपेटिका, सुरक्षा सिल, मसीका मार्कर, स्वस्तिक छाप, स्टिकर, रंगिन मतदाता नामावली लगायतका निर्वाचन सामग्री शनिबार हुम्ला पुगेको बताए । मतदानका लागि कर्मचारी र मत पत्र हेलीबाट उड्ने तयारी भइरहदा मतदाता र उम्मेदवार भने हिउँले छेकिन बाध्य बनेका छन् ।

मौसमी प्रतिकुलताले चुनाव हुने वा नहुने भन्नेमा अन्यौलताकाबीच निर्वाचन आयोगका सचिव कृष्णबहादुर राउतले हुम्ला पुगेर जानकारीसमेत लिएका छन् । शुक्रबार सुर्खेतमा आयोजित प्रदेशस्तरीय बैठकमा सुरक्षा निकायका प्रमुखहरुले मौसमी प्रतिकुलता चुनौती बन्न सक्ने ब्रिफिङ गरेपछि उनी हुम्ला पुगेका हुन् ।

उच्चस्तरीय बैठकमा प्रदेशभरको निर्वाचन तयारी, मतदान केन्द्रको अवस्था, सुरक्षा व्यवस्थापन, भौगोलिक जटिलता र आवश्यक समन्वयबारे विस्तृत छलफल भएको थियो । विशेषगरी हुम्ला, डोल्पा र मुगुका ४० मतदान स्थलमा मौसम

बाँकी ४ पेजमा

### भेरी अस्पतालमा रेबिज खोप अभाव

# निःशुल्क सेवा ठप्प, बिरामी महँगो खोप किन्न बाध्य

**सरला सुवेदी**
**बाँके, ९ फागुन ।**

नेपालगञ्जस्थित भेरी अस्पतालमा रेबिजविरुद्धको 'एन्टी-रेबिज भ्याक्सिन' अभाव भएपछि निःशुल्क खोप सेवा पूर्ण रूपमा ठप्प भएको छ । अस्पतालमा मौज्दात रहेको खोप सकिएसँगै दैनिक रूपमा कुकुर तथा अन्य जनावरको टोकाइपछि उपचारका लागि आउने सेवाग्राहीहरू प्रभावित भएका छन् । अस्पताल प्रशासनले प्रदेश सरकारमार्फत खोप आपूर्ति हुने व्यवस्था रहे पनि आवश्यकता अनुसार डोज नआउँदा समस्या उत्पन्न भएको जनाएको छ ।





अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. संकेत रिजालका अनुसार दैनिक दुई सयभन्दा बढी बिरामी रेबिज खोपका लागि अस्पताल पुग्ने गरेका छन् । तर, पछिल्लो समय प्राप्त हुने खोपको मात्रा अत्यन्त न्यून भएपछि सेवा निरन्तर सञ्चालन गर्न नसकिएको हो । "हामीले प्रदेश सरकारलाई पटक-पटक पत्राचार गरिसकेका छौँ । बिरामीको चाप अत्यधिक छ, तर उपलब्ध खोपले धान्न सकेन," डा. रिजालले भने, "रेबिज जस्तो प्राणघातक रोगबाट जोगिन खोप अनिवार्य छ। त्यसैले तत्काल पर्याप्त मात्रामा आपूर्ति हुनु आवश्यक छ ।"

रेबिज खोप अभावको प्रत्यक्ष असर सर्वसाधारणमा परेको छ । अस्पतालमा निःशुल्क खोप नपाएपछि बिरामीहरू निजी मेडिकलबाट महँगो मूल्यमा खोप किन्न बाध्य भएका छन् । आर्थिक अवस्था कमजोर भएका परिवारका लागि यो थप पीडादायी बनेको छ ।

कोहलपुर -१२ का यज्ञ थापाले कुकुरले टोकेपछि आफ्ना १० वर्षीय छोरालाई खोप लगाउन अस्पताल ल्याएका थिए । तर, निःशुल्क सेवा बन्द भएको जानकारी पाएपछि उनी निराश भए । "सरकारी अस्पतालमा निःशुल्क पाइन्छ भनेर ल्याएँ। तर खोप नै छैन भनियो । निजी मेडिकलमा एउटा डोजको मूल्य धेरै रहेछ," उनले गुनासो गरे । "रेबिज भनेको ज्यानै जाने रोग हो भन्छन् । पैसाकै कारण खोप नलगाउने अवस्था आउनु हुँदैन। सरकारले तुरुन्त व्यवस्था गर्नुपर्छ," थापाले माग गरे ।

त्यस्तै, जानकी गाउँपालिका-४ की सावित्री यादव पनि रेबिज खोप लगाउन अस्पताल पुग्नुभएको थियो। उनलाई केही दिनअघि आवारा कुकुरले टोकेको थियो । "बिहानैदेखि लाइन बसेँ, पछि थाहा भयो खोप छैन रे । अब निजीमा किन्न जाँदा एक-एक डोजको मूल्य तिर्न गाह्रो छ," उनले भने । "हामीजस्ता गरिबलाई सरकारी अस्पताल नै भर पर्नुपर्ने हो। यस्तो बेला खोप नपाउँदा डर र चिन्ता झन् बढ्छ ।"

स्वास्थ्यकर्मीहरूका अनुसार रेबिज एक भाइरल संक्रमण हो, जुन संक्रमित जनावरको टोकाइपछि मानिसमा सर्छ। समयमै खोप नलगाएमा रोग लागेपछि उपचारको सम्भावना अत्यन्त न्यून हुने भएकाले रोकथाम नै मुख्य उपाय हो । त्यसैले जनावरको टोकाइपछि तुरुन्तै घाउ सफा गरी निर्धारित समयमा पूरा मात्रा खोप लगाउनुपर्ने हुन्छ ।

अस्पताल प्रशासनले केन्द्र र प्रदेश सरकारबाट खोप प्राप्त नभएसम्म निःशुल्क सेवा सञ्चालन गर्न नसकिने स्पष्ट पारेको छ । खोप अभाव लम्बिएमा बाँके जिल्लामा स्वास्थ्य संकट गहिरिन सक्ने स्थानीयको चिन्ता छ । विशेषगरी

बाँकी ४ पेजमा

National Life
for a secure future....
३९ औं
वार्षिकोत्सव
हरेक जीवनसँगै हाम्रो साथ
कम्पनीको ३९औं वार्षिकोत्सवको अवसरमा हामी सम्पूर्ण सरोकारवाला, साझेदार तथा शुभेच्छुकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं । यस ऐतिहासिक यात्रामा नियमनकारी निकायबाट प्राप्त अमूल्य सहयोग र मार्गदर्शनप्रति समेत हामी गहिरो कृतज्ञता व्यक्त गर्दछौं ।
अगामी दिनहरुमा समेत अझ सबल एवं गुणस्तरीय सेवा प्रदान गर्ने दृढ संकल्प गर्दछौं ।
आकर्षक बोनस, अधिकतम प्रतिफल रोजौं
National Life
for a secure future....

### कैलालीका चार स्थानमा अस्थायी मतदान केन्द्र निर्धारण

**युग संवाददाता**
**सुदूरपश्चिम, ९ फागुन ।**

प्रतिनिधिसभा सदस्यको आसन्न निर्वाचनको तयारीका क्रममा कैलाली जिल्लाका चार ठाउँलाई अस्थायी मतदान केन्द्र तोकिएको छ । प्रदेश निर्वाचन कार्यालयले कैलालीको निर्वाचन क्षेत्र-१ मा पर्ने टीकापुर नगरपालिका भवन, क्षेत्र-४ मा पर्ने गोदावरी नगरपालिकाको बनदेवी मन्दिर परिसर, क्षेत्र-५ मा पर्ने धनगढी उपमहानगरपालिका भवन र धनगढीकै जिल्ला कारागार

बाँकी ३ पेजमा

निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं ।

- गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन।
- कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स - एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन ।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गर्न र गराउन हुँदैन ।
- निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न गराउनु हुँदैन ।
- एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवारविरुद्ध कुनैपनि श्रव्य वा श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन ।
- निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन वोर्डमा उजुरी गरौं ।

**निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय....

# जुम्लामा पुरानालाई चुनौती !

कर्णाली प्रदेशको राजनीतिक नक्सामा जुम्ला सधैं विशेष अर्थ राख्दै आएको छ। आसन्न प्रतिनिधिसभा निर्वाचनमा पनि जुम्ला फेरि एकपटक राष्ट्रिय बहसको केन्द्रमा छ। कारण हुन्, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेता ज्ञानबहादुर शाही। २०७९ सालको निर्वाचनमा उनले कांग्रेस–माओवादी गठबन्धन र बलियो सांगठनिक आधार भएको नेपाल कम्युनिष्ट पार्टी (एमाले) दुवैलाई पराजित गर्दै अप्रत्याशित जित निकालेका थिए। त्यो परिणामले जुम्लाको परम्परागत मतगणित नै उल्टाइदिएको थियो। तर, इतिहासले सधैं वर्तमानलाई साथ दिन्छ भन्ने छैन। जुम्लामा जनप्रतिनिधि दोहोऱ्याउने चलन कमजोर छ। यसपटक शाहीलाई अनुभवसहितका पुराना दलका उम्मेदवारसँग सीधा प्रतिस्पर्धा गर्नुपरेको छ। सांगठनिक हिसाबले एमाले, कांग्रेस र नेकपा बलिया छन्। २०७९ को मतपरिणामले पनि एमाले र कांग्रेसको आधार मत बलियो देखाएको थियो। त्यस पृष्ठभूमिमा शाहीको दोस्रो जित सहज देखिँदैन। अर्कोतर्फ, नयाँ राजनीतिक शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पनि जुम्लाको माहोल तताएको छ। २०७९ पछि अस्तित्वमा आएको रास्वपाले यसपटक निवर्तमान समानुपातिक सांसद विनिता कठायतलाई मैदानमा उतारेको छ। तर, अघिल्लो निर्वाचनमा जुम्लाबाट रास्वपाले पाएको मत निकै न्यून थियो।

यसले देशव्यापी लहर मात्र पर्याप्त हुँदैन, स्थानीय संगठन र स्थायी मताधार अझै निर्णायक हुन्छन् भन्ने देखाउँछ। जुम्लाको चुनावी प्रतिस्पर्धा बहुकोणीय बन्दै गएको छ। कांग्रेसका दीपबहादुर शाही, एमालेका शान्तिलाल महत, नेकपाका नरेश भण्डारी तथा प्रगतिशील लोकतान्त्रिक पार्टीका मनऋषि धिताललगायत उम्मेदवारहरू मैदानमा छन्। विशेषतः पूर्वमाओवादी धारबाट आएका नेताहरू आमनेसामने हुँदा मत विभाजनको सम्भावना उच्च छ। यसले प्रत्यक्ष लाभ कसलाई पुग्छ भन्ने प्रश्न खुला छ। यो निर्वाचनले जुम्लामा दुई धार स्पष्ट देखाएको छ। एकातिर सांगठनिक बलमा भरोसा गर्ने पुराना दल, अर्कोतिर पपुलर छवि र असन्तुष्ट मतको सहारामा अघि बढ्न खोज्ने नयाँ वा वैकल्पिक शक्ति। २०७९ मा गठबन्धनको आन्तरिक किचलो र मत व्यवस्थापनमा भएको कमजोरीले परिणाम उल्टिएको थियो। यसपटक पुराना दलहरू त्यही कमजोरी दोहोरिन नदिने रणनीतिमा देखिन्छन्।

निर्वाचन केवल उम्मेदवारको प्रतिस्पर्धा मात्र होइन, मतदाताको राजनीतिक परिपक्वताको पनि परीक्षा हो। कर्णालीको आवाज संघीय संसदसम्म कसले सशक्त रूपमा पुऱ्याउँछ भन्ने प्रश्नभन्दा ठूलो प्रश्न अहिले जुम्लाले लहर रोज्छ कि संरचना भन्ने छ। यसको जवाफ मतपेटिकाले दिनेछ। यो निर्वाचन जुम्लाका लागि केवल प्रतिनिधि छनोटको प्रक्रिया मात्र होइन, राजनीतिक दिशा निर्धारणको अवसर पनि हो। लोकतन्त्रमा अन्तिम निर्णय मतपेटिकाकै हुन्छ। २३-२४ भदौको जेन-जी आन्दोलन पश्चात हुन लागेको निर्वाचनलाई विशेष महत्वका साथ हेरिएको छ। विकास र सुशासनको माग गर्दै सडकमा उत्रिएका जेन-जी समूहमाथि प्रयोग भएको दमनले देशलाई अन्ततः दुई वर्ष अगावै निर्वाचनमा धकेलेको थियो। संकटका बीच हुन लागेको आगामी निर्वाचन सत्य, तथ्य, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउनु सबैको दायित्व हो। आमनागरिकलाई भयरहित वातावरणमा आफ्नो अभिमत मत पेटिकामा खसाल्ने वातावरण तय गर्नु राज्यको पहिलो दायित्व हो।

## विश्व

# सम्बोधनअघिको दबाबमा ट्रम्प



**वासिङ्टन, ९ फागुन।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आफ्नो कार्यकालको एक वर्ष पूरा गर्दै स्टेट अफ द युनियन सम्बोधनको तयारीमा जुटिरहनुभएका बेला घरेलु र अन्तर्राष्ट्रिय दुवै मोर्चामा दबाबमा परेका छन्।

सर्वोच्च अदालतले उनको कर नीतिमाथि रोक लगाएपछि अर्थतन्त्रको सुस्त वृद्धि र आप्रवासन दमनप्रति बढ्दो जनअसन्तुष्टिले उनको राजनीतिक धारलाई चुनौती दिएको छ।

शुक्रबार सर्वोच्च अदालतले कूटनीतिक लाभका लागि सामाजिक सञ्जालमार्फत घोषणा गरिएका केही करका कदमहरू अस्वीकार गरेको थियो। सोही दिन सार्वजनिक सरकारी तथ्याङ्कअनुसार अक्टोबरदेखि डिसेम्बरसम्म अमेरिकी अर्थतन्त्र १.४ प्रतिशत वार्षिक दरमा मात्र विस्तार भएको देखिएको छ। यो विश्लेषकहरूको २.५ प्रतिशतको अपेक्षाभन्दा कम हो। बढ्दो जीवनयापन लागतका कारण मतदाताहरूमा असन्तुष्टि चुलिँदै गएको सर्वेक्षणहरूले देखाएका छन्।

मुद्रास्फीतिको प्रश्नमा राष्ट्रपति ट्रम्पले आफूले आर्थिक सामर्थ्य पुनःस्थापित गरेको दाबी गर्दै आउनुभएको छ। तर विश्लेषकहरूले जनतालाई वास्तविक खर्चको अनुभवले नै प्रभाव पार्ने बताएका छन्। जीवनयापन महँगो भएको र आप्रवासन दमन अपेक्षित रूपमा लक्षित नभएको धारणा आम मतदातामा बलियो बन्दै गएको छ।

नोभेम्बरमा हुने मध्यावधि निर्वाचन नजिकिँदै जाँदा प्रतिनिधिसभा र सिनेटको एक तिहाइ सिट दाउमा छन्। राष्ट्रपति ट्रम्पले डेमोक्रेटहरूले नियन्त्रण लिए महाभियोगको प्रयास हुन सक्ने चेतावनी दिँदै आउनुभएको छ। यद्यपि हालसम्म दुवै सदन रिपब्लिकन नियन्त्रणमै छन्।

हालका दिनमा प्रशासन केही कदममा पछि हट्न बाध्य भएको देखिएको छ। पूर्वराष्ट्रपति बाराक ओबामासम्बन्धी विवादास्पद भिडियो राष्ट्रपतिको सामाजिक सञ्जाल खातामा पोस्ट भएपछि आलोचना बढेको थियो। त्यसलाई हटाउँदै ह्वाइट हाउसले एक सहयोगीको त्रुटि भएको जनाएको थियो। मिनियापोलिसमा आप्रवासन कारबाहीका क्रममा दुई अमेरिकी नागरिक मारिएपछि प्रशासनले त्यहाँको तैनाथी घटाउने घोषणा गरेको थियो।

अन्तर्राष्ट्रिय रूपमा पनि आर्कटिक सुरक्षासम्बन्धी विषयमा अमेरिका-डेनमार्क-ग्रिनल्यान्ड कार्यसमूह गठन गरिएको छ। यसबीच ग्रिनल्यान्ड कब्जा गर्ने अभिव्यक्ति फिर्ता लिनुपरेको छ। सर्वोच्च अदालतको निर्णयपछि प्रशासनले आयातमा १० प्रतिशत कर लगाउने नयाँ व्यवस्था अघि सारेको छ, तर यसले अघिल्ला दरहरूको तुलनामा केही राष्ट्रका लागि सहज अवस्था सिर्जना गरेको छ।

यद्यपि नीतिगत चुनौतीहरू अदालतमार्फत अगाडि बढ्दै रहे पनि राष्ट्रपति ट्रम्प सन् २०२९ सम्म ह्वाइट हाउसमा रहने निश्चित छ। मङ्गलबारको सम्बोधनमार्फत उनले आफ्नो उपलब्धि प्रस्तुत गर्दै आगामी राजनीतिक यात्राको दिशा स्पष्ट पार्ने अपेक्षा गरिएको छ।

## अन्तरवार्ता

# आगामी निर्वाचनमार्फत देश र लोकतन्त्रले जित्नुपर्छ : पूर्वप्रमुख निर्वाचन आयुक्त

*पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले लोकतन्त्रको स्थायित्व र सुशासनका लागि हुन गइरहेको निर्वाचनको महायज्ञलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउने वातावरण बनाउन सबै राजनीतिक दल र उम्मेदवारलाई अपिल गरेका छन्।*

*उनले राजनीतिक दल र उम्मेदवारबाट हुने शान्तिपूर्ण चुनावी प्रचारप्रसार र चुनावमा मतदाताको उत्साहपूर्ण सहभागिताले मात्र लोकतन्त्र फस्टाउने र मुलुकले समृद्धि हासिल गर्ने बताए। पूर्वप्रमुख निर्वाचन आयुक्त उप्रेतीले भने, "राजनीतिलाई स्थिरता दिन नसके पनि निर्वाचन गराउने सिलसिलामा हामी अनुभवी छौँ। विगतका चुनौतीपूर्ण अवस्थामा पनि मतदाताको उत्साहपूर्ण सहभागितामा शान्तिपूर्ण रूपमा थुप्रै निर्वाचन गरिसकेका छौँ।"*

*उनकै नेतृत्वमा निर्वाचन आयोगले विसं २०७० मा संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न गरेको थियो। सोही संविधानसभाले नेपालको संविधान जारी गरेको थियो। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका विषयमा केन्द्रित रही राष्ट्रिय समाचार समिति (रासस)का समाचारदाता नारायण न्यौपानेले पूर्वप्रमुख निर्वाचन आयुक्त उप्रेतीसँग गरेको अन्तर्वार्ताको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ।*



**–मुलुक निर्वाचनको सम्मुखमा छ, यो निर्वाचनलाई कसरी हेर्नुभएको छ ?**

आवधिक निर्वाचन प्रत्येक पाँच वर्षमा हुन्छ। त्यो कुन दिन, कुन मिति, कुन महिनामा हुन्छ भन्ने विषय पनि मतदातालाई पहिल्यै थाहा हुनुपर्छ। लोकतन्त्र र राजनीतिक स्थायित्व भएका देशमा यस्तो खालको व्यवस्था छ। प्रजातन्त्रको स्थायित्वका लागि आवधिक अवधि नपुगी बीचैमा निर्वाचन गराउन पर्ने अवस्था सकेसम्म आउन दिनुहुन्न। नेपालमा जुन अवस्थाका कारण निर्वाचन घोषणा भयो, त्यो वातावरण नआएको भए विसं २०८४ मा नियमित निर्वाचन हुन्थ्यो। योबीचमा सरकारले राम्रो काम गर्न सकेन, फलस्वरुप जेनजी आन्दोलनको बलमा बीचमै निर्वाचन गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भयो। यद्यपि, जेनजी आन्दोलनमा निर्वाचनको माग उठेको थिएन। तत्कालीन सरकारको बहिर्गमनका सन्दर्भमा लोकतान्त्रिक प्रक्रियामा जानका लागि मध्यावधि निर्वाचन आवश्यक र अनिवार्य हुन पुग्यो। आजसम्म आइपुग्दा निर्वाचन तयारी अन्तिम चरणमा पुगेको छ। प्रजातन्त्रमा निर्वाचनको विकल्प र अर्को उपायको खोजी गर्न नपरोस् भन्ने सोचिन्छ। हामी लोकतान्त्रिक अभ्यासमा निकै अगाडि आइसक्यौँ। निर्वाचन गर्न र गराउने सिलसिलामा हामी अनुभवी छौँ। मतदाताको उत्साहपूर्ण सहभागितामा थुप्रै निर्वाचन गरिसकेका छौँ। तथापि, राजनीतिले स्थायित्व र सरकार स्थिर नहुँदा दुःख लाग्छ। यस पाटोमा सुधार गर्दै लैजानुपर्ने छ। जहाँसम्म यही फागुन २१ को निर्वाचनको विषय छ, यो त आइनै सक्यो। अब यसलाई शान्तपूर्ण वातावरणमा अवतरण गराउनुपर्छ।

निर्वाचनलाई शान्तिपूर्ण बनाउने र विधिपूर्वक सम्पन्न गराउन मतदाताले मन परेको असल व्यक्ति र दललाई मत दिनुपर्छ। निर्वाचन परिणामका आधारमा गठन हुने सरकारले जनभावनाअनुरुप विकास र सुशासन प्रदान गर्न सक्नुपर्छ। त्यसका लागि प्रत्येक मतदाताको पनि उत्तिकै दायित्व छ। निर्वाचनमा राजनीतिक दल र उम्मेदवार विजयी तुल्याउन दर्शन र सिद्धान्तभन्दा ठूलो भूमिका मतदाताको रहन्छ, किनभने मतदाताको मतबिना निर्वाचनको अर्थ हुँदैन। मतदान शुद्ध हुनुपर्छ, मतमा स्वस्तिक चिह्न लगाउँदा यताउति हुनुभएन। विगत देखिकै प्रायः सबै निर्वाचनमा नेपाली मतदाताको उत्साहपूर्वक सहभागिता हुने गरेको छ। यस पटक पनि त्यही खालको वातावरण तयार गर्नुपर्छ। निर्वाचन आयोग, सरकार, राजनीतिक दल, उम्मेदवार र मतदाता सबै मिलेर निर्वाचनको महायज्ञको जिम्मेवारी र दायित्वलाई हामीले पूरा गर्नुपर्छ।

**–निर्वाचनमा के कस्ता कुरालाई बढी चासोका साथ हेरिने गरिएको छ ?**

निर्वाचनमा राजनीतिक दल र उम्मेदवारको प्रतिनिधित्वको विषयलाई नै बढी चासो राखिन्छ। त्यो भनेको जसले चुनाव जित्ने हो, उसैलाई चासो दिइन्छ। निर्वाचनमा उठेका सबै उम्मेदवारले जित्न कोसिस गरे पनि त्यसको परीक्षा र मूल्याङ्कन मतदाताले गर्छन्। सुदूरपूर्व र पश्चिमका मतदाताले आपसमा सरसल्लाह नगरे पनि सामूहिक विद्वताबाट एउटा दर्शन बोकेको राजनीतिक दल र उम्मेदवार विजयी हुनसक्दछ।

चुनावमा सबै उम्मेदवारलाई जित्ने निर्वाचन गर्न सकिन्न। जति निर्वाचन क्षेत्र र स्थान छ त्यसमा मात्र उम्मेदवारले जित्ने हो। सबै जित्ने होइन, तर नेपाल र लोकतन्त्रले जित्नैपर्छ। आगामी निर्वाचनबाट सकेसम्म विधिसम्मत रूपमा सम्पूर्ण वर्ग, क्षेत्र, समूह र लैङ्गिक प्रतिनिधित्व हुन सकोस्। निर्वाचनपछि बनेको सरकारले पूरा अवधि पाँच वर्ष सरकार चलाओस्। सदन पनि पूरा चलोस्। पाँच वर्षका लागि भनेर चुनाव गर्ने अनि विगतको जस्तो १७ वर्षमा १७ वटै सरकार ब्यहोर्नु नपरोस्।

छोटो अवधि र संयुक्त सरकारले ठीक ढङ्गले कार्य सम्पादन गर्न नसक्दा नेपाली जनताको सुशासन, विकास र समृद्धिको चाहना ओझेलमा परिरहेको छ। निरन्तर सरकार परिवर्तन भएमा राजनीतिले पनि स्थायित्व प्राप्त गर्न कठिन हुन्छ। राजनीतिक स्थायित्व नभई विकासको प्रक्रिया अगाडि बढ्न सक्दैन। यो पटक मतदाताको सामूहिक विद्वताले असल नतिजा दिलाउन सक्नुपर्छ। त्यसका लागि विश्वास लागेको पात्र र दललाई मतदान गर्नुपर्छ, जसबाट मुलुकमा स्थायी सरकार दिलाउन सकियोस्।

**–निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित र निष्पक्ष गराउन कसको कस्तो भूमिका रहन्छ ?**

निर्वाचन खर्चिलो भयो भनिन्छ। हुन त राज्यको लागि पनि निर्वाचन खर्चिलो छ। निर्वाचन प्रक्रिया, विधि र प्रणालीका कारणले पनि निर्वाचन खर्चिलो भएको छ। राजनीतिक दल र उम्मेदवारबीच ज्ञान, विद्वता, अनुभव र दर्शनमा प्रतिस्पर्धा भए निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी हुन्छ। सिद्धान्त, प्रतिबद्धता र सङ्कल्पअनुसार जान सक्ने उम्मेदवार चुन्ने कि जसरी पनि जित्ने भन्नेलाई ? यो विषय महत्त्वूर्ण छ। जसरी पनि निर्वाचन जित्ने र संसद्मा पुग्ने अनि यसलाई व्यवसाय र जागिर बनाउने मानसिकता त्याग्नुपर्छ। जनताले यो विषयलाई ध्यानपूर्वक सोच्नुपर्छ।

**– पछिल्लो समय निर्वाचन पैसाले होइन, निष्ठा र सिद्धान्तले जित्नुपर्छ भन्ने मान्यता हराउँदै गएको छ भनिन्छ नि !**

निर्वाचनमा मतदाताले लोकतान्त्रिक सोच भएका, समाजसेवामा लागेका, सिद्धान्तप्रति प्रतिबद्ध र निष्ठावान उम्मेदवार पहिल्याउन सक्नुपर्छ। निर्वाचन खर्च तोकिएको सीमाभित्र रहेर गरिनुपर्छ। निर्वाचनमा अथाह खर्च गर्ने अनि कागजी प्रतिवेदनमा भने ठिक्क हिसाब देखाउने प्रवृत्ति रोक्नुपर्छ। चुनावमा बढी खर्च र तडकभडक प्रचारप्रसार गर्नेलाई अयोग्य घोषणा गर्ने अधिकार निर्वाचन आयोगलाई छ।

राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचारप्रसारका क्रममा मतदातासमक्ष राखेका विषय दिगो विश्वासनीय हुनुपर्छ। प्रसारप्रसारलाई शान्तिपूर्ण ढङ्गबाट नै लैजानुपर्छ। एकअर्कालाई आरोप प्रत्यारोप गर्नहुन्न। निर्वाचलाई निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सुरक्षाझाई चुस्त बनाउनुपर्छ। निर्वाचनमा मतदान गर्नु सबै मतदाताको कर्तव्यलाई बिर्सनुहुन्न। सोचेर मतदान गर्नुपर्छ। मत खेर फाल्नुहुन्न। घरको कामको चापलाई पनि समयको व्यवस्थापन गरी मतदान गर्नुपर्छ। मतदान भनेको भगवानलाई अर्चना र अर्पण गरेजस्तै देशको भविष्य र हितका लागि अमूल्य दान हो। यसमा कोही पनि छुट्नु र कसैलाई पनि छुटाउनुहुन्न। राजनीतिक दल र उम्मेदवारले पनि मतदान गर्ने विधि र प्रक्रिया ठीक ढङ्गले सिकाउन र बुझाउन जरुरी छ।

**–निर्वाचन प्रचारप्रसारमा राजनीतिक दल र उम्मेदवारले के कस्ता कुरामा बढी ध्यान दिनुपर्छ ?**

आवधिक निर्वाचन नौ महिना वा एक वर्ष सरकार चलाउनका लागि भएको होइन। निर्वाचनमा अब स्थायी सरकार बनाउँछु भनेर मतदाताले कसरी थाहा पाउने ? त्यो सबैभन्दा ठूलो प्रश्न छ। सरकारमा जाने र पाँच वर्षसम्म निरन्तर काम गर्न नसक्ने स्थिति कसले सिर्जना गरेको हो ? मतदाताले मतहाल्नुअघि विश्लेषण गर्नुपर्छ। हुन त त्यसमा केही हदसम्म राजनीतिक दल, मतदाता स्वयं र निर्वाचन प्रणालीको पनि दोष भनिन्छ। सदनमा धेरै राजनीतिक दल भए भने स्थायित्व हुन्न भन्ने मत पनि छ। यसमा मतदाताको विद्वताको परीक्षण पनि हुन्छ। उहाँहरूको विद्वताले कसको सरकार गठन हुने र विकासको मार्ग कसरी अगाडि बढ्छ भन्ने निर्धारण गर्छ। निर्वाचनपछि गठन हुने सरकारले सम्पूर्ण देशको क्षमता र अवस्थाका आधारमा सुझबुझपूर्ण ढङ्गले मुलुकलाई समृद्धितर्फ

बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |
| जिल्ला अस्पताल कालीकोट | : ०८७-४४०१३३ |
| जिल्ला अस्पताल दैलेख | : |

## आजको राशिफल

**मेष** – फजुल खर्च बढ्नेछ भने बेलैमा होस नपुग्नाले अर्थ अभाव देखापर्न सक्छ। समय दिन नसक्दा काम रोकिनेछ। लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ।

**वृष** – मिहिनेतले राम्रो परिणाम दिलाउनेछ। तारिफयोग्य काम गर्दै मनग्य धन आर्जन गर्न सकिनेछ। विभिन्न भौतिक साधन जुट्नेछन्।

**मिथुन** – मेहनत गर्दा भाग्योन्नतिको समय छ। सामुदायिक तथा सेवामूलक कामले पद-प्रतिष्ठा दिलाउन सक्छ। सामाजिक उत्तरदायित्व हातपार्न सकिनेछ।

**कर्कट** – उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला। स्वास्थ्य कमजोर रहे पनि कामको चाप बढ्नेछ। परिबन्धले केही समस्या निम्त्याउन सक्छ।

**सिंह** – अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छल। कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ।

**कन्या** – व्यापार र पेसामा राम्रै फाइदा हुनेछ। रमाइलो यात्रा हुनुका साथै स्वादिष्ट खानपानको समेत आनन्द प्राप्त हुनेछ।

**तुला** – छोटो समयमा विशेष उपलब्धि प्राप्त हुनेछ। चुनौती पन्छाएर काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा पनि विजयी भइनेछ।

**वृश्चिक** – मन मिल्ने साथीभाइ भेटिए पनि वादविवादले सम्बन्ध कमजोर बनाउन सक्छ। तापनि, कामको चापबाट फुर्सद पाइनेछ।

**धनु** – हतारमा गरिएको निर्णयले समस्या निम्त्याउनेछ। अनावश्यक साइनो गाँसी नजिकिनेहरूसँग सावधान रहनुहोला।

**मकर** – प्रयत्न गर्दा विश्वास नलागेको काम समेत बन्न सक्छ। छोटो समयमा राम्रो उपलब्धि हातपार्न सफल भइनेछ।

**कुम्भ** – अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। आम्दानीका स्रोत बढ्नेछन्।

**मीन** – पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ।

## चुनावी घोषणापत्रमा शिक्षाः

# लगानी वृद्धि र नयाँ शिक्षा ऐन प्राथमिकतामा

**युग संवाददाता**
**काठमाडौँ, ९ फागुन ।**

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अधिकांश दलहरूले विगतमा झैँ सार्वजनिक शिक्षाको सुधार र शिक्षामा लगानी वृद्धिलगायतका विषयलाई मुद्दा अघि सारेका छन् । विघटित प्रतिनिधिसभामा रहेका प्रमुख दल र अन्य दलले गुणस्तरीय, निःशुक तथा समावेशी शिक्षामा प्राथमिकता दिएका छन् ।

नेपालको संविधानको धारा ३१ मा उल्लेखित 'प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक'लाई ती दलले घोषणापत्रमा समेटेका छन् । तर विगतमा पनि यस्ता प्रतिबद्धता आउने गरेकामा किन पूरा भएनन् र अब कसरी पूरा गर्ने भन्नेमा दलहरु स्पष्ट देखिएका छैनन् ।

सरकारी तथ्याङ्कअनुसार ५ देखि १७ वर्ष उमेर समूहका १० प्रतिशत (करिब आठ लाख) बालबालिका अझै विद्यालयको पहुँचभन्दा बाहिर छन् । तीमध्ये साढे तीन लाख बालबालिका विद्यालय भर्नामा आएका छैनन् । बाँकीले बीचमै कक्षा छाड्ने गरेका छन् ।

'अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५' ले २०८५ को वैशाखसम्म कक्षा ८ पूरा नगरेको व्यक्तिलाई सरकारी नियुक्ति, सुविधालगायतबाट वञ्चित गर्ने व्यवस्था गरेको अवस्थामा दलहरुले मतदातासँग निःशुल्क शिक्षा दिने वाचा दोहोऱ्याएका छन् ।

यसपटकको निर्वाचनका लागि नेपाली कांग्रेसले सार्वजनिक गरेको प्रतिज्ञापत्रमा प्रतिनिधिसभाको अबको एक वर्षभित्र नयाँ विद्यालय शिक्षा ऐन पारित गर्ने उल्लेख गरेको छ । शिक्षक सङ्घ, सङ्गठन, निजी विद्यालय र राजनीति दलबीचको खिचातानी र पर्याप्त स्रोतका कारण विघटित संसद्मा विद्यालय शिक्षा




लामो समयदेखि विचाराधीन रहेको थियो । कांग्रेसले विद्यालय शिक्षा (गुणस्तर तथा नियमन) ऐन सरोकारवालाहरूको परामर्शमा, कुनै पनि स्वार्थ समूहको दबाबमुक्त भई सबै जायज र उपयुक्त विषयलाई समेटेर विद्यार्थीको सिकाइ र गुणस्तरलाई केन्द्रमा राखी एक वर्षभित्र नयाँ शिक्षा ऐन पारित गर्ने वाचा गरेको छ । सो पार्टीले बालिका शिक्षालाई प्राथमिकता दिने र शिक्षण पेसालाई सम्मानजनक बनाउने भनेको छ ।

त्यस्तै, शिक्षामा कूल बजेटको २० प्रतिशत राज्यको लगानी सुनिश्चित, नमुना विद्यालयको विस्तार, पाठ्यक्रम परिमार्जन, पठन संस्कृतिको विकास, समावेशी र न्यायपूर्ण शिक्षाको पहुँच, मातृभाषा शिक्षा, प्रविधिमैत्री, प्राविधिक तथा व्यावसायिक शिक्षा, राष्ट्रिय आजीवन सिकाइका विषयलाई सो पार्टीले प्रतिज्ञापत्रमा समावेश गरेको छ ।

कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टीले विश्वविद्यालयमा प्रधानमन्त्री, मन्त्री कुलपति र सहकुलपतिको व्यवस्था हटाउने भनेको भने भने नेपाली कम्युनिष्ट पार्टी (एमाले) ले प्राज्ञिक स्वायत्तता हुनुपर्नेमा जोड दिएको छ ।

नेपाली कम्युनिष्ट पार्टी (एमाले) ले प्राविधिक उच्च शिक्षाका लागि विद्यार्थीलाई २० लाख निर्व्याजी ऋण, पारिश्रमिकसहित इन्टर्नशीपको व्यवस्था शिक्षा र अनुभवको ग्यारेन्टीजस्ता विषयलाई घोषणापत्रमा राखेको छ । सरकारी सेवा, निजी क्षेत्र र अध्यापन क्षेत्रमा न्यूनतम पारिश्रमिकसहितको व्यवस्था गर्ने पनि एमालेको सङ्कल्प रहेको छ ।

सो पार्टीले सबै विद्यालयका किशोरीलाई निःशुल्क प्याड र कक्षा १० सम्मका विद्यार्थीलाई दिवा खाजाको प्रबन्ध गर्ने वाचा गरेको छ । एमालेले भनेको छ, "मुलुकमा आर्थिक, भौगोलिक वा शारीरिक अवस्थाका कारण कोही पनि बालबालिका विद्यालय शिक्षाबाट र किशोरकिशोरी प्राविधिक वा उच्च शिक्षाबाट वञ्चित हुने अवस्था हामी अन्त्य गर्नेछौँ ।"

यसैगरी शिक्षा प्रणालीलाई भर्ना र परीक्षाकेन्द्रित मात्र नराखी राष्ट्रप्रेम, उद्यमशीलता, सामाजिक उत्तरदायित्व, नवप्रवर्तनशील सोच र राष्ट्रिय क्षमता अभिवृद्धिमा योगदान गर्नसक्ने जनशक्ति निर्माणतर्फ उन्मुख गराउने एमालेले योजना अघि सारेको छ । उसले उच्च शिक्षामा अनुसन्धान तथा विकासमा राज्यको लगानी बढाई विश्वविद्यालय-उद्योग सहकार्य विस्तार गर्ने, उच्च योग्यताका उत्कृष्ट जनशक्तिलाई शिक्षण पेसामा आकर्षित गर्ने नीति ल्याउने कुरा घोषणापत्रमा राखेको छ ।

## कैलालीका...

शाखालाई अस्थायी मतदान केन्द्र तोकिएको जनाएको छ ।

कार्यालय प्रमुख प्रेमराज भट्टले भन्नुभयो, "स्थायी मतदाता नामावलीमा नाम समावेश भएकाले मात्र अस्थायी मतदान केन्द्रमा पुगेर समानुपातिक निर्वाचन प्रणालीमा मात्र मतदान गर्न पाउँछन् ।"

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, कर्मचारी र कारागारका कैदीबन्दीलाई मतदान गर्न पाउने व्यवस्थाका लागि अस्थायी मतदान केन्द्र स्थापना गरिएको हो । कर्मचारी, सेना, प्रहरी, कैदीबन्दीले समानुपातिक निर्वाचन प्रणालीमा मात्र मतदान गर्न पाउने व्यवस्था छ । जिल्लाका अस्थायी मतदान केन्द्रमा पुगेर मतदान गर्न पाउनेमा ४० कैदीबन्दी सहित चार हजार १९६ मतदाता छन् ।

पाँच निर्वाचन क्षेत्र रहेको कैलाली जिल्लामा प्रत्यक्ष र समानुपातिक गरी दुवै निर्वाचन प्रणालीमा भाग लिन पाउने स्थायी मतदाताको कूल सङ्ख्या भने कूल पाँच लाख ५१ हजार ५२ छ । दुवै निर्वाचन प्रणालीमा भाग लिनपाउने मतदाताका लागि जिल्लाभरी २३७ मतदान स्थल तोकिएको छ ।

निर्वाचन कार्यालयले हाल धमाधम मतदान अधिकृत र सहायक मतदान अधिकृतको लागि प्रशिक्षण सञ्चालन गरिरहेको छ । निर्वाचनको मिति नजिकिँदै जाँदा केन्द्रबाट मतपत्र सहितको निर्वाचन सामग्री जिल्लामा पुगिसकेको छ ।

निर्वाचनका लागि ५१ प्रकारका निर्वाचन सामग्री आवश्यक पर्नेमा ३७ प्रकारका सामग्री प्रदेश निर्वाचन कार्यालयबाट र बाँकी १४ प्रकारका निर्वाचन सामग्री केन्द्रबाट आपूर्ति गर्ने व्यवस्था गरिएको छ ।

वडामा परिचालित मतदाता शिक्षा स्वयमसेवीले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिरहेका छन् । प्रनिधिसभातर्फ १६ निर्वाचन क्षेत्र रहेको सदूरपश्चिम प्रदेशमा राजनीतिक दलका र स्वतन्त्र गरी २०६ जना चुनावी प्रतिस्पर्धामा हुन् ।

## आगामी...

लैजान सक्नुपर्छ ।

**–मुलुक निर्वाचनमय भएको छ, यसबेला सरकार र आयोगको भूमिका कस्तो रहन्छ ?**

सरकारले निर्वाचन आयोगलाई निर्वाचन प्रक्रियाका लागि आवश्यक पर्ने सबै खालको स्रोतसाधन र शान्ति सुरक्षाका हिसाबले राजनीतिक दल, उम्मेदवार र मतदातालाई निर्वाचनमा ढुक्कसँग भाग लिने वातावरण मिलाउनुपर्छ ।

सरकारले मुलुकको समग्र सुरक्षा अवस्थाको मूल्याङ्कन गरी कुन निर्वाचन क्षेत्र, कुन ठाउँ र कुन मतदान केन्द्रमा सुरक्षा चुनौती छ, त्यसको विश्लेषण गरी आवश्यक प्रबन्ध मिलाउनुपर्छ । हामी निर्वाचनमा अनुभवी छौँ । चुनावी प्रचारप्रसारदेखि मतदान, मतपेटिका ढुवानी, मतगणना र विजय जुलुस निस्कने बेलासम्मको सुरक्षा व्यवस्था चुस्त हुनुपर्छ । त्यसका लागि प्रत्यक्ष सरोकार भएका पक्ष राजनीतिक दल र उम्मेदवारले आवश्यक वातावरण बनाउन सहयोग पुऱ्याउनुपर्छ ।

**–निर्वाचनमा प्रचारप्रसारको समयमा राजनीतिक दल र उम्मेदवारले अपनाउनुपर्ने सजगताबारे के भन्नुहुन्छ ?**

यस पटक यही फागुन ४ देखि १८ गतेसम्मका लागि निर्वाचन प्रचारप्रसारको समय तोकिएको छ । यस अवधिमा के के गर्न पाइन्छ, के गर्नुहुन्छ, के गर्नुहुँदैन भन्ने विषयमा निर्वाचन आचारसंहितामा स्पष्ट लेखिएको छ । निर्वाचनमा सबै राजनीतिक दल र उम्मेदवारले भद्र ढङ्गबाट चुनाव प्रचारप्रसार गर्न पाउनुपर्छ । आफ्नो पक्षमा चुनाव प्रचारप्रसार गर्दा अर्को पक्षको विरोध गर्न पाइन्न । हाल निर्वाचन प्रचारप्रसारको सन्दर्भमा प्रविधिको प्रयोगको अभ्यास बढेको छ । अर्को पक्षलाई आरोपप्रत्यारोप मात्र होइन, द्वेष र घृणा फैलाउने तथा अनर्गल प्रचार गर्नुहुन्न । आफ्ना राम्रा पक्ष र उद्देश्य मात्र प्रचारप्रसार गरिनुपर्छ । यसका लागि मतदाता शिक्षा र चुनाव प्रसारप्रसारको माध्यम सामाजिक सञ्जाल अत्यन्त प्रभावकारी देखिएको छ ।

**–निर्वाचनमा मौन अवधिलाई अलि पेचिलो र विशेष रूपमा किन हेरिन्छ ?**

चुनावी प्रचारप्रसार जताततै भइरहेको छ । कतिपय स्थानमा एकअर्का दलका उम्मेदवार आपसमा अङ्कमाल गर्दै भोट मागिरहेको पनि देखिन्छ । यो असल पक्ष हो । निर्वाचन प्रचारप्रसारको अन्त्यतिर वातावरणलाई शान्त तुल्याउन र मतदातालाई कुन उम्मेदवारलाई मत प्रदान गर्न ठीक होला भनी सोच विचार गर्नका लागि मौन अवधिको व्यवस्था गरिएको हो । जोडतोडमा भइरहेको प्रचारप्रसार सकेर निर्वाचनको ठूलो महायज्ञको वातावरण बनाउन मौन अवधिको अत्यन्त महत्त्व छ । त्यो समयमा राजनीतिक दल र उम्मेदवारले निर्वाचन आचारसंहिताविपरीत कुनै पनि कार्य गर्नहुन्न । शान्तपूर्वक बस्नपर्छ । मतदातालाई प्रभाव पार्ने ढङ्गबाट कुनै पनि कुरा गर्न पाइन्न । निर्वाचनको पवित्रतामाथि आक्षेप र प्रभाव पार्ने कुनै कार्य गरिनुहुन्न ।

**–अन्त्यमा मतदातालाई यहाँको केही सन्देश छ ?**

लोकतन्त्र बचाउने जिम्मेवारी मतदाता, राजनीतिक दल र उम्मेदवारको हो । हामीले नै लोकतन्त्रलाई स्थिर र स्थायी बनाउनुपर्छ । मतदाताको विद्वता र विचारका आधारमा असल उम्मेदवार छनोट गर्न सक्नुपर्छ । दर्शनमा फरक भए पनि मतदान शुद्ध र स्वच्छ भावनाले हुनुपर्छ । तोकिएको समयावधिभित्र मतदान केन्द्रमा पुगी मतखेर नजाने ढङ्गबाट मतदान गर्नुपर्छ ।

**धुर्सेनी तल्लो दलितबस्ती सोलार लिफ्ट खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, दुल्लु ५, दैलेख**

## को
## खरिद समिति

## सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति: २०८२ फागुन १० गते**

एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम, हेल्भेटास नेपालको आर्थिक सहयोगमा स्थानीय साझेदार संस्था एभरेष्ट क्लब दैलेखको सहजीकरणमा दुल्लु नगरपालिका, दैलेखमा संचालित धुर्सेनी तल्लो दलितबस्ती सोलार लिफ्ट खानेपानी तथा सरसफाइ योजनाको लागि सोलार लिफ्ट खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले सिलवन्दी दरभाउपत्रमा उल्लेख गरिएको शर्तहरु र सामाग्रीको गुणस्तर (स्पेसिफिकेशन) बमोजिमको सामाग्रीहरु सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका आपूर्तिकर्ता, फर्म वा कम्पनिवाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएकोछ ।

**प्याकेज १ :**
समुह क : खानेपानी योजनाको लागि सोलार वाटर लिफ्ट प्रणालीको सामानको आपूर्ति, डेलिभरी र स्थापना गर्ने कार्य
(Supply, delivery and installation of solar water lift system accessories of water supply system)

**शर्तहरु:**
१. दरभाउपत्र निम्न स्थानमा नि:शुल्क उपलब्ध हुने वा लिङ्कबाट डाउनलोड गर्न सकिने छ ।
सिलवन्दी दरभाउपत्र पाइने स्थान: एभरेष्ट क्लब दैलेख, नारायण नगरपालिका १, दैलेख
अथवा, सिलवन्दी दरभाउपत्र डाउनलोड गर्नका लागि लिङ्क: https://notice.helvetasnepal.org, https://everestclubnepal.org.np/tender-procuremnt-method
दरभाउपत्र डाउनलोड वा प्राप्त गर्न केही समस्या भएमा ०८९-४२०२५७/४२०२४७ वा ९८१९५०९८९८ (संयोजक खरिद समिति) नं. मा सम्पर्क गर्न सकिनेछ ।
२. दरभाउपत्र बुझाउने अन्तिम मिति र स्थान:
दरभाउपत्र बुझाउने अन्तिम मिति: २०८२ फागुन २६ गते (१० मार्च २०२६), दिउसो १२.०० बजे भित्र
दरभाउपत्र बुझाउने स्थान: एभरेष्ट क्लब दैलेख- केन्द्रीय कार्यालय नारायण नगरपालिका १,दैलेखको कार्यालय
फोन नं. ०८९-४२०२५७/४२०२४७
म्याद नाघी वा रित नपुगी आएका दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।
३. दरभाउपत्र पेश गर्ने सप्लायरले संयुक्त खरिद समिति वा उपभोक्ता समितिले जारि गरेको परिमाण सुची (Bill of quantity) मा मात्र दरभाउ पेश गर्नु पर्नेछ । अन्य कागजमा भरिएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।
४. सिलवन्दी दरभाउपत्र खोल्ने मिति, समय र स्थान:
मिति: २०८२ फागुन २६ गते (१० मार्च २०२६) दिउसो १:०० बजे
स्थान: एभरेष्ट क्लब दैलेख - केन्द्रीय कार्यालय नारायण नगरपालिका १ ,दैलेखको कार्यालय
सिलवन्दी दरभाउपत्र दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
५. सामाग्री खरिद सम्झौता बमोजिम तोकिएको स्थान सम्म सामाग्री ढुवानी भै उपभोक्ता समितिले सामाग्री चेकजांच र प्राप्त गरे पछि मात्र आपूर्तिकर्तालाई भुक्तानी गर्नेछ ।
६. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना अहिले प्रकाशित भएका पत्रिकाहरु वा माध्यमबाट नै गरिने छ ।
७. दरभाउपत्र पेश गर्दा सिलवन्दी दरभाउपत्र साथ
जमानत रकम रु. ४६,५००.०० (अक्षरेपी छयालिस हजार पांच सय रुपैया मात्र )
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट ७५ दिन मान्य अवधि (दरभाउपत्र खोलिने मिति देखि गणना हुनेगरी) भएको सक्कल बैंक जमानत दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ ।
जमानत जारी गर्नु पर्ने नाम (beneficiary name) : DHURSENI TALLO DALIT BASTI SOLAR LIFTE KHANEPANI TATHA SARSA
८. दर्ता भएका सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस खरिद समितिमा सुरक्षित रहनेछ ।

**अनुसुची–१५**
**(दफा ३३ को उप –दफा (२) सँग सम्बधिन्त)**

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको १५ दिने सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति २०८२/११/१०**

श्री भेरीकिनारा सामुदायिक वन उपभोक्ता समूह बराहताल गा.पा.-६, सुर्खेतको सामुदायिक वन बाट २०८२/०८३ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको साल गोलिया काठ बी ग्रेड साल जातको गोलिया काठ ३ थानको ४४.६६ क्यूफिट, सी ग्रेड साल जातको गोलीया काठ १६ थानको २१५.९६ क्यूफिट गरी साल जातको गोलिया काठ कुल १९ थानको २६०.६२ क्यूफिट, असना जातको गोलिया काठ ए ग्रेड असना जातको गोलिया काठ ५ थानको १६१.२५ क्यूफिट, बी ग्रेड असना जातको गोलीया काठ २ थानको २६.६६ क्यूफिट, सी ग्रेड असना जातको गोलीया काठ १३ थानको १०२.९२ क्यूफिट गरी असना जातको गोलिया काठ कुल २० थानको २९०.८३ क्यूफिट, बी ग्रेड कर्मा जातको गोलीया काठ १ थानको १०.४७ क्यूफिट, सी ग्रेड कर्मा जातको गोलीया काठ २ थानको ४६.८५ क्यूफिटगरी कर्मा जातको गोलिया काठ कुल ३ थानको ५७.३२ क्यूफिट काठ, असना जातको गोलिया काठ ए ग्रेड असना जातको गोलिया काठ ५ थानको १६१.२५ क्यूफिट, ए ग्रेड जामुन जातको गोलीया काठ २ थानको ५०.१० क्यूफिट, बी ग्रेड जामुन जातको गोलीया काठ १ थानको ९.९५ क्यूफिट, सी ग्रेड जामुन जातको गोलीया काठ २ थानको ४६.८५ क्यूफिट गरी जामुन जातको गोलिया काठ कुल ५ थानको ७६.९ क्यूफिट, खयर जातको गोलिया काठ ९ थानको २१.८१ क्यूफिट गरी सबै जात गोलिया काठ ५६ थानको ७०७.४८ क्यूफिट काठ र १/५ चट्टा साल मिश्रित दाउरासहित काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी १६ औं दिनमा दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सुचना यस श्री भेरीकिनारा सालघारी सामुदायिक वन उपभोक्ता समूहको कार्यालय बराहताल गा.पा.-६, सुर्खेत, डिभिजन वन कार्यालय भेरी, बावियाचौर सुर्खेत, श्री बड्डीचौर सब-डिभिजन वन कार्यालय बावियाचौर, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री भेरीकिनारा सामुदायिक वन उपभोक्ता समूह**
**बराहताल गा.पा.-६, सुर्खेत**

**नेपाल सरकार**
**खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना**

## वीरेन्द्रनगर आयोजना कार्यान्वयन इकाई

**वीरेन्द्रनगर नगरपालिका, सुर्खेत**

## भेरी पम्पिंग प्याकेज-२ आयोजना निर्माण तथा संचालनको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८२/११/१०**

कर्णाली प्रदेश, सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका वडा नं., १-१३ र १५ मा प्रस्तावकद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना:** | खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना, वीरेन्द्रनगर आयोजना कार्यान्वयन इकाई, वीरेन्द्रनगर, सुर्खेत |
| **प्रस्तावको व्यहोरा:** | भेरी पम्पिंग प्याकेज II आयोजना निर्माण तथा संचालन<br>(खानेपानी वितरण प्रणाली तथा मौजुदा खानेपानी वितरण प्रणालीमा सुधार) |
| **प्रभाव पर्न सक्ने क्षेत्र:** | कर्णाली प्रदेश, सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका, वडा नं. १-१३ र १५ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारि गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली, बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न यस स्थानको न.पा., वडा तथा यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराइ दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना, वीरेन्द्रनगर आयोजना कार्यान्वयन इकाई, वीरेन्द्रनगर, सुर्खेत<br>फोन: ०८३-५९०५७२<br>ईमेल: piubirendranagar@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | नगरपालिका सहयोग टोली, वीरेन्द्रनगर, सुर्खेत<br>ईमेल: mst.birendranagar@gmail.com |

**आयोजना प्रमुख**

## भेरी...

गर्मीयाम नजिकिँदै जाँदा आवारा कुकुरको सक्रियता बढ्ने भएकाले जोखिम झन् बढ्ने अनुमान गरिएको छ।

स्थानीय सरोकारवालाहरूले रेबिज जस्तो ज्यानै जाने जोखिम भएको रोगको रोकथामका लागि आवश्यक खोप पर्याप्त मात्रामा उपलब्ध गराउन केन्द्र र प्रदेश सरकारसँग तत्काल पहल गर्न आग्रह गरेका छन्। समयमै आपूर्ति सुनिश्चित नगरे सर्वसाधारणले अनावश्यक आर्थिक भार मात्र नभई ज्यानकै जोखिम मोल्नुपर्ने अवस्था आउने चेतावनीसमेत दिएका छन्। अब सम्बन्धित निकायको तदारुकताबाट मात्रै सेवा पुनः सुचारु हुने अपेक्षा गरिएको छ।

## हिउँले...

जाने स्थलमार्ग खोल्नतर्फ ध्यान दिएको छैन,' उनले भने, 'मतपत्र र कर्मचारीलाई मात्र हेलिकप्टरमा उडाएर चुनाव कसरी होला ?'

वडाध्यक्ष लामाका अनुसार हरेक वर्ष भारी हिमपात हुने भएकाले अधिकांश नागरिक मंसिर पहिलो साता गाउँ छाड्ने गर्दछन्। हल्जी, जाङ र तिलगाउँका ६ सय ७२ मध्ये २० प्रतिशत मात्रै मतदाता गाउँमा रहेको उनले बताए। यी तीन गाउँ जान नाम्खा गाउँपालिका ५ मा पर्ने पाँच हजार मिटरको न्यालु र ४६ सय मिटर उचाईको नारा लेक पार गर्नुपर्दछ।

तर, भारी हिमपातपछि पूर्ण रूपमा बन्द भएका यिनै लेक गाउँ फर्कन चाहनेहरूका लागि बाधक बनेको वडाध्यक्ष लामाले बताए। हुम्लाबाट प्रतिनिसभा सदस्य उम्मेदवार रहेकी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की टासी ल्हान्जोम चुनावी प्रचारका लागि हुम्लामा छिन्। तर, उनी आफ्नै गाउँ लिमीमा चुनावी प्रचारका लागि पुग्न सकेकी छैनन्।

'म अहिले चुनावी प्रचारकै क्रममा हुम्लामा छुँ,' उनले भनिन्, 'हिमपातले स्थलमार्ग रोकिएपछि म आफ्नै गाउँ पुग्न सकिरहेको छैन। प्रशासनले हिउँ हटाउने तयारी भइरहेको भनेको छ, हेरौं के हुन्छ ?' उनले वैकल्पिक उपाय अपनाएर भएपनि नागरिकलाई भोट हाल्नबाट बञ्चित गराउन नहुने बताइन। यस्तै, नेकपा एमालेका उम्मेदवार दल फडेराले पनि चुनावी प्रचारका लागि नाम्खा गाउँपालिको उत्तरी क्षेत्रमा पुग्न नसकेको बताए।

डोल्पाको शे-फोक्सुण्डो गाउँपालिकाका केही क्षेत्रमा पनि मौसमी प्रतिकुलताले मतदान प्रभावित हुने देखिएको छ। मुगुको मुगुम कार्मारोङ गाउँपालिका अध्यक्ष छिरिङ क्याप्रे लामाले वडा १ देखि ४ सम्मका अधिकांश मतदाता गाउँमा नरहेको बताए। आफुहरुले सरकारलाई हिमाली क्षेत्रमा यो समयमा निर्वाचन गराउन नसकिने विषयमा ध्यानाकर्षण गराएपनि सुनुवाई नभएको उनले बताए।

## विकल्प...

प्रतिकूल भए मतदान सञ्चालनमै चुनौती आउन सक्ने सुरक्षा निकायका प्रमुखहरुले सचिव राउत समक्ष ब्रिफिङ गरेका थिए। दुर्गम भूगोलका कारण कतिपय स्थानमा सुरक्षाकर्मी तथा कर्मचारीलाई आपत्कालीन अवस्थामा जिल्ला सदरमुकाम ल्याउन हेलिकप्टर प्रयोग गर्नुपर्ने अवस्था रहेको जानकारी सचिव राउतलाई गराइएको थियो।

प्रजिअ रेग्मीका अनुसार हुम्ला पुगेका सचिव राउतले चुनावको तयारी अन्तिम चरणमा पुगिसकेकाले मौसमी प्रतिकुलताका बाबजुद मतदान स्थल पुग्न तत्काल वैकल्पिक उपाय अघि बढाउन निर्देशन दिएका छन्। कर्णाली प्रदेशमा कुल १० लाख ३७ हजार २ सय ५० जना मतदाता छन्। जसमा पाँच लाख २७ हजार आठ सय ८६ पुरुष, पाँच लाख नौ हजार तीन सय ६१ महिला र नौ जना अन्य मतदाता रहेका छन्। प्रदेशभर नौ सय ४१ मतदान स्थलमा एक हजार चार सय ३७ मतदान केन्द्र तोकिएका छन्। तीमध्ये तीन सय ५८ मतदान केन्द्र अति संवेदनशील रहेको प्रदेश कमाण्ड पोष्टका निमित्त सचिव लक्ष्मीबहादुर विकले जानकारी दिए। यस्तै, सामान्य एक सय ६१, संवेदनशील चार सय २२ मतदान स्थल छन्।

### उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री पवित्रा पन्त धनी रहेको, दर्ता नम्बर ५५२३/०७६/०७७ बाट वीन.न.पा-०४, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री फेवा कटेज नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

### वैदेशिक व्यापारका सात महिनाः

# नौ खर्ब पचास अर्ब घाटा




**युग संवाददाता**
**काठमाडौँ, ९ फागुन ।**

चालु आर्थिक वर्षको प्रथम सात महिनामा रु १२ खर्ब ९१ अर्ब ६३ करोड २० लाख बराबरको वैदेशिक व्यापार भएको छ। भन्सार विभागका अनुसार समीक्षा अवधिमा रु ११ खर्ब २३ अर्ब ४८ करोड ६२ लाखको आयात र रु एक खर्ब ६८ अर्ब १४ करोड ५८ लाख बराबरको निर्यात भएको छ। यो अवधिमा मुलुकले रु नौ खर्ब ५५ अर्ब ३४ करोड तीन लाख घाटा बेहोरेको छ।

भारतसँग बितेका सात महिनामा रु छ खर्ब २९ अर्ब २९ करोड ५९ लाखको आयात र रु एक खर्ब ३७ अर्ब ५१ करोड ७४ लाखको निर्यात हुँदा मुलुकले रु चार खर्ब ९१ अर्ब ७७ करोड ५१ लाख बराबरको व्यापार घाटा बेहोरेको छ। चीनसँग रु दुई खर्ब ३५ अर्ब ३८ करोड २३ लाखको आयात र रु ९० करोड एक लाख बराबरको निर्यात हुँदा रु दुई खर्ब ३४ अर्ब ४८ करोड २२ लाख बराबरको घाटा भएको छ।

विभागले सार्वजनिक गरेको विवरणअनुसार अर्जेन्टिनासँग रु ६६ अर्ब ११ करोड ६६ लाख, संयुक्त अरब इमिरेट्ससँग रु ३९ अर्ब ७७ करोड ९८ लाख, इन्डोनेसियासँग रु १२ अर्ब ६४ करोड ४५ लाख बराबरको व्यापार घाटा देखिन्छ।

व्यापार नाफा बढी रहेका मुलुकमा भने रोमानियासँग यो अवधिमा रु पाँच करोड ५२ लाख, नर्वेसँग रु तीन करोड ३३ लाख र आइसल्याण्डसँग रु दुई करोड ५७ लाख बराबरको व्यापार नाफा देखिन्छ। पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ। यो अवधिमा रु ६९ अर्ब ९१ करोड २२ लाखको डिजेल, रु ३८ अर्ब १३ करोड ८६ लाखको पेट्रोल र रु ३१ अर्ब ८५ करोड नौ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ।

त्यसैगरी, रु ३१ अर्ब नौ करोड १२ लाख बराबरको फलाम तथा फलामजन्य वस्तु, रु २१ अर्ब ३२ करोड ६१ लाख बराबरको स्मार्टफोन, रु ५९ अर्ब १३ करोड ८२ लाख बराबरको कच्चा सोयाबिन तेल, रु २१ अर्ब २० करोड बराबरको सुन आयात भएको छ।

बढी निर्यात भएका वस्तुमा सोयाबिन तेल रु ६६ अर्ब ७८ करोड ८७ लाख बराबरको निर्यात भएको छ। अलैंची रु आठ अर्ब ६१ करोड २० लाख, सूर्यमुखी तेल रु पाँच अर्ब ७८ करोड, कार्पेट रु पाँच ७१ करोड ८८ लाख ६९ हजार बराबरको निर्यात भएको विभागको तथ्याङ्क छ।

## घुयँत्रो

प्रजातन्त्र दिवसकै दिनाँ रास्वपाले सुर्खेताँ मान्छे उतार्या देखेछि झोलेहरका कुरा सुनेर कति कति नेताको सातो गो था छैन। आफू भने रवि र वालेनका कुरा सुन्नु पर्ला भनेर योजाडाँ एकाविहानै भात खाएर सुर्खेतको घण्टाघरतिर हानियो। रास्वपा भन्ने पाटि र त्यसका नेताहरु त एकदम समयका पावन्द होलान पुरानादल र पुराना नेता पावन्द भएनन भनेर नारा लाउँदै हिँड्या रबि बालेन तोकिएकै समयमा पुग्लान र देशमा परिवर्तनका लागि अर्ति बुध्दि देलान भन्या त घण्टाघराँ गएर ११ बजे देखिनै बस्या हामी त ऐले आउलान पछि आउलान भन्दा भन्दै दिउसोको २ बजिगो आएनन क्यारे! म जस्ता कैयाँ मान्छे आत्तिएर २ बजेतिर हान्निएक्यारे।आँफुभने के के नै होला भनेर कुर्या त २ बजेर ४० मिनेटाट बल्ल नेताहरको चहल पहल भो र भाषण गर्न शुरु गर्या बालेनले ३ मिनेट ५६ सेकेन्ड मै सारा कर्नालिका कुरा गरेर भ्याईदे! रविलाई घोषढापत्र ठ्डाएर देखाउन र बोल्न ८ मिनेटकै समय काफि भो अनि वाँकि रहे स्वर्णिम र बाँकि ताँकि नेता अनि तिनले २० मिनेटको बाँकि ताँकि समयमा जनतालाई चुनाबि पाठ पढाए तर भाषण सुन्न ,तिनलाई देख्न ,चिन्न र बुझ्न आका हामी जस्ता जनताले के बुझिम त्यो आआफ्नै अक्ल अनुसार बुझे हुम्ला भन्न पर्यो हैन र। जसरि घण्टी घण्टी भनेर मान्छेले एकोहोरो रटलगाछन भन्थे घण्टाघरको त्यो भाषणमा जाने मान्छे धेरै जसोले बुझे होलान कि जतिसुकै कुरा गरेनि नेपालका दल र तिनि सबैका हालत यौटै हुन। जत्रो उत्साह र उमङ्गलेर जाजरकोट ,दैलेख, कालिकोट अनि सुर्खेतका नेताहरले बुझे होलान जतिसुकै नयाँ दलहुनकि पुराना ती सबैका गति यौटैहुन। त्यसैले पुराना दलका नेताहरु तिमिहरु नडराओ घण्टीका पछि लाग्ने मान्छे शुध्द घण्टीकै मान्छे कोईरैनछन घण्टीको लाईनमा जाने जति सब्बै तिमरका भोटर हुन । तिनलाई किन रिसाय ? हाम्ले के गर्नु पर्ने भो ? हामी सच्चिन तयारछम , अब नातावाद र परिवारवादबाट बाईर निस्कन्छम् , भष्टाचार गर्दैनम,गर्नेलाई छोडदैनम् भनेर तिनका गोडामुन्टा पर्नु पर्यो ती कतै जानेवाला छैनन। बरु हिजोको जस्तो छैनम् हामी सच्चि सकिम तिमरले जे भन्छौ त्यै मान्छम भनेर ढाँटन पछि पर्नु भएन। त्यति गर्न सक्नु भएन भने त तपाईंहरका खैरियत छैनन है मैले भन्द्याछु। चुनाब भनेकै जति जालझेल गरेर लट्पट्याउन सक्यो त्यति मान्छे आफ्ना हुने हुन हुनत जालझेलका कुरा गर्न मैले तपाईंहरलाई के सिकाउनु पर्यो तपाईंहरु आँफै यो मामलाँ पारङ्गत हुनु हुन्छ। त्यसैले आफ्ना मान्छे लग्यो भन्ने चिन्ता गर्ने हैनकि तिनरु मलाई छोडेर किन गए ? भन्ने कुरा खोजि नीति गर्नु पर्यो अनि बल्ल आफ्नो पाटियाँ मान्छे अडिन्छन हैन भने जनतालाई सँधै झुक्याएर खाने दिन गए। यत्रा काण्ड भै सके अँझै पनि भष्टाचार र बेथिति विरुद्ध पुरानादलले नारा लाउन सक्याछैनन। अँझैपनि आफू र आफन्तैले गरि खानु पर्छ भनेर चुनाबाँ आफू र आफन्तकै उमेदवारीको लिस्ट च्यापेर बसिराख्नु भाछ अनि यस्तो गर्नु भो भनेत रबि र बालेन जस्ता चर्को बोल्नेले मात्रै हैन पन्चायतका अबशेष मान्ने राप्रपा भन्ने पाटिलेनि तपाईहरलाई उछिन्न सक्छ। त्यसैले अँझै पनि केही दिन बाँकि छ। चेतना भया।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशूल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंगलिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :

भवानी अर्डर एण्ड सप्लायर्स

वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोत्तल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

Bhawani Auto Workshop
Birendranagar-Surkhet

९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

भवानी अटो वर्कसप

वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA

Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु

- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादकः** दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादकः** ओम बहादुर शाही, **प्रधान कार्यालयः** वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेटः** कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालयः** सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोनः** ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रणः** रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।